बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

२०७३

प. सं. २०७९/०८०(प्रशासन शाखा) | प्रदेश नं. १, नेपाल

च.नं.

बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर प्रदेश नं. १, नेपाल २०७३

## रोजगार सहायक र प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्वन्धि सूचना ।

दोश्रो पटक प्रकाशित मिति २०७९/५/२१, रोजगार सहायक

प्रथम पटक प्रकाशित मिति २०७९/५/२१, प्राविधिक सहायक

बेलका नगरपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार सहायक १ (एक) र प्राविधिक सहायक १ (एक) पद खुल्ला प्रतिस्पर्धाको माध्यमबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले पदपुर्तिको सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण र सम्बन्धित स्थानीय तहमा राजस्व बुझाएको रसिद सहित बेलका नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | २/२०७९-८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाचौं तह सरह | १ जना |
| २ | ३/२०७९-८० | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाचौं तह सरह | १ जना |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-(प्राविधिक सहायकको लागि)**

क. सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको

ख. कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको

ग. पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, लक्ष्य र परिणाम हासिल गर्ने टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

घ. कम्तिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

**२. आवश्यक न्यूनतम योग्यता र अनुभवः-(रोजगार सहायकको लागि)**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको

ख. दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तिमा ३ महिनाको तालिम लिएको

**३. दरखास्त दिने स्थानः-बेलका नगरपालिकाको कार्यालय, उदयपुर**

४. दरखास्त दिने अन्तिम मितिः- सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

५. आवेदनको दस्तुरः- रु.५००|-(पाचँ सय मात्र)

६. छनौटको किसिमः-प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

०७९।०५।२१

उत्तम ढकाल

...सकीय अधिकृत

**बेलका नगरपालिका**
# नगर कार्यपालिकाको कार्यालय
**रामपुर, उदयपुर**
**२०७३**

**प. सं. २०७९/०८०(प्रशासन शाखा)** **प्रदेश नं. १, नेपाल**
**च.नं.**

**७. आवेदन साथ संलग्न कागजातहरूः**- आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क. नागरिकताको प्रतिलिपी
ख. शैक्षिक योग्यताको प्रमाणपत्र
ग. चारित्रिक प्रमाण पत्र
घ) काम सँग सम्बन्धित अनुभव भए सोको कागजात
ङ) तालिमको प्रमाणपत्र
च) २ प्रति पासपोर्ट साईजको फोटो

**८.सेवा सुविधा तथा अन्यः**- स्थानिय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्बन्धि मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.np तथा सम्बन्धित स्थानीय तहको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

सदस्य सचिव
पदपूर्ति समिति

उत्तम ढकाल
प्रशासकीय अधिकृत